नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१५३६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

मिति: २०८०/१२/०५
ने.सं.:११४४ चिल्लाथ्व, ०९ सोमबार

## प्रेस विज्ञप्ति

आज मिति २०८०/१२/०५ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट सहायक प्रमुख जिल्ला अधिकारीहरु र प्रशासकीय अधिकृतहरु सहितको १४ वटा अनुगमन टोली मार्फत एकैसाथ काठमाडौं जिल्लास्थित १४ वटा आन्तरिक राजस्व कार्यालयहरुको अनुगमन गरिएको छ। अनुगमन गरिएका कार्यालयहरु आन्तरिक राजश्व कार्यालय चावहिल, आन्तरिक राजश्व कार्यालय जोरपाटी, आन्तरिक राजश्व कार्यालय पुतलीसडक, आन्तरिक राजश्व कार्यालय बत्तीसपुतली, आन्तरिक राजश्व कार्यालय नयाँ बानेश्वर, आन्तरिक राजश्व कार्यालय कोटेश्वर, आन्तरिक राजश्व कार्यालय त्रिपुरेश्वर, आन्तरिक राजश्व कार्यालय कलंकी, आन्तरिक राजश्व कार्यालय कालीमाटी, आन्तरिक राजश्व कार्यालय बालाजु, आन्तरिक राजश्व कार्यालय टंगाल, आन्तरिक राजश्व कार्यालय ठमेल, आन्तरिक राजश्व कार्यालय महाराजगंज, आन्तरिक राजश्व कार्यालय न्यूरोड रहेका छन्।

अनुगमन गर्दा अधिकांश कर्मचारीहरूले ड्रेस कोड पालना गरेको, कार्यालयको आन्तरिक र बाह्य सरसफाई, अभिलेख व्यवस्थापन, सेवाग्राही सोधपुछ कक्ष तथा वार्षिक कार्यसम्पादन सूचक, कार्यप्रगतिको अवस्था बमोजिमका अधिकांश सूचकको कार्यप्रगतिको अवस्था सन्तोषजनक रहेको पाइयो। राजस्व संकलनको अवस्था हेर्दा केही कार्यालयहरुमा राजस्व संकलन लक्ष्य अनुरुप भएको नदेखिएता पनि अधिकांश कार्यालयको राजस्व संकलनको अवस्था भने सन्तोषजनक देखियो। कार्यालयहरुमा कर्मचारीहरुको समय पालनाको अवस्था चाहिँ मिश्रित देखियो। कतिपय कार्यालयहरुमा सबै कर्मचारीहरु समयमा उपस्थित भएको देखियो भने केही कार्यालयहरुमा कर्मचारीहरु समयमा कार्यालयमा नआएको देखियो। धेरैजसो कार्यालयहरुमा वक्यौता फछ्यौंटको अवस्था सन्तोषजनक नदेखिएकाले वक्यौता फर्स्यौटलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने देखियो । अधिकांश कार्यालयहरुले बेरुजु फछ्यौंट सम्बन्धमा संपरीक्षणका लागि पठाएको भएता पनि बेरुजु फर्स्यौटको अवस्था समेत सन्तोषजनक रहेको पाइएन । सबै कार्यालयहरुमा सूचना अधिकारीको व्यवस्था भएको देखिएता पनि सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली बमोजिम त्रैमासिक रुपमा गरिनुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) भने कार्यालयहरुले सार्वजनिक गरेको देखिएन। आजै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बसेको जिल्लास्थित कार्यालयहरुको कार्यालय प्रमुखहरुको बैठकमा निरीक्षण गरिएका कार्यालयहरुका कार्यालय प्रमुखहरुलाई अनुगमनका क्रममा देखिएका कमी कमजोरीहरुलाई समयमै सुधार्न श्रीमान प्रमुख जिल्ला अधिकारीले सचेत गराई निर्देशन दिनुभयो ।

आगामी दिनमा समेत सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन सेवाग्राहीहरुको चाप हुने जिल्लास्थित कार्यालयहरुको आकस्मिक निरीक्षण गरिनेछ।